स्थानीय राजपत्र

परोहा नगरपालिकाद्वारा प्रकाशित

खण्डः ४ संख्याः १ मितिः २०८३/०३/१४

भाग- १

परोहा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

परोहा नगरपालिकाको विनियोजन ऐन, २०८३

प्रस्तावना: परोहा नगरपालिकाको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोपबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम नगर सभाले यो ऐन बनाएको छ।

१**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम परोहा नगरपालिकाको विनियोजन विधेयक, २०८३ रहेको छ।

(२) यो विधेयक तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०८३/०८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०८३/०८४ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५३६७८२०६४।- अक्षेरुपी रु त्रिपन्न करोड सडसठ्ठी लाख व्यासी हजार चौसठ्ठी रुपैया मात्र मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३ विनियोजनः (१) यस ऐनद्वारा सञ्चित कोपबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३।०८४ को निमित्त परोहा नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विपयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीपंकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी 'खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अको स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्ने वा पछि नगर सभाबाट अनुमोदन हुने गरी कार्यपालिकाले निर्णय गर्न सक्नेछ।

(४) यस आ.व. २०८२/०८३ मा यस नगरपालिकाको सञ्चित कोष, चालु र पूजीगत शीर्षकबाट भएका र हुने सबै शिर्षकका सम्पूर्ण खर्चहरु यसै बमोजिम भएको र हुने मानिनेछ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोपबाट विनियोजन हुने रकम

रु. हजारमा

क्र.सं.	**अनुदान संख्या**	**शीर्षकको नाम**	**चालु खर्च**	**पूँजिगतखर्च**	**वित्तियव्यवस्था**	**जम्मा**
१	२	३	४	५	६	७
१		नगर कार्यपालिका				
२		वडा समिति				
३		विषयगत शाखा				
४		ऋणको सावा व्याज भुक्तानी				
५		लगानी (शेयर/ऋण)				

प्रमाणीकरण मितिः २०८३/०३/१५

आज्ञाले

विष्णु प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत